म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १२, | अंक २३६ | आइतबार २६ चैत २०७९ | ने. सं. ११४३ चौलागा | 9 April 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सचेत रही ग्याँसको प्रयोग गरौ, दुर्घटनाबाट बचौं ।**

☞ ग्याँसको चुल्हो बालेर भान्सा छाडी टाढा नजाऔं ।
☞ प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं ।
☞ यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं ।
☞ ग्याँस सिलिन्डर, रेगुलेटर र पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त फेरौं ।
☞ ग्याँस सिलिण्डर लिँदा सिल भए/नभएको तथा सिलिण्डरको समायवधि अनिवार्यरुपमा हेर्ने गरौं।
☞ तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरम नल्याऔं। ग्याँस गन्हाएको बेला बिजुलीको स्वीच, सलाई, लाईटरको प्रयोग नगरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सरकार विस्तारको गाँठो फुकाउन कांग्रेस कुर्दै मुख्यमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ बागमतीमा विश्वासको मत पाएको दुई साता बितिसक्दा पनि मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सरकार विस्तार गर्न नसकेपछि अन्तत: कांग्रेसको बाटो कुर्न बाध्य भएका छन् ।

सत्तारुढ गठबन्धनको ठूलो दल नेपाली कांग्रेसले दाबी गर्दै आएको ६ वटा मन्त्रालयमा लचकता नअपनाउने हो भने सरकार विस्तार हुने सम्भावना टर्दै गएको छ । यतिबेला प्रदेश सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेसले आ-आफ्नो हठलाई थाती राखेर सहमतिमा नगए सरकार विस्तारमा थप संकट निम्तिने देखिन्छ । विगत १० दिनदेखि सरकारको भागबण्डा टुंग्याउन प्रदेशका गठबन्धन दलहरु कांग्रेस, माओवादी र एकीकृत समाजवादी जुटेपनि शनिवार साँझसम्म सहमति हुन सकेको छैन ।

गठबन्धनका दलहरुबीच भागबण्डा टुंग्याउन मुख्यमन्त्री जम्कट्टेल र कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिं लामाले ७ सदस्यीय कार्यदल गठन गरेका थिए । कांग्रेस दलको उपनेता रामकृष्ण चित्रकारको संयोजकत्वमा गठित कार्यदलले आधा दर्जन बैठकबाट पनि भागवण्डा टुंगोमा पुऱ्याउन नसकेको हो । कार्यदलबाट भागवण्डामा सहमति हुन नसकेपछि मुख्यमन्त्री जम्कट्टेल र कांग्रेस दलका नेता लामालाई समेत गुहारिए पनि संयुक्त बैठकले भागबण्डा टुंग्याउन सकेन । जसकारण सरकार विस्तार अनिश्चित बनिरहेको हो ।



११ सदस्यीय मन्त्रिपरिषद्मा मुख्यमन्त्रीसहित ४ वटा मन्त्रालय माओवादी केन्द्रले सम्हालिरहेको छ । बाँकी मन्त्रालयमा भागबण्डा मिल्न नसकेको हो । सत्तारुढ गठबन्धनका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको दाबी १४ वटा मन्त्रालय पुगिसकेको छ । तर, ११ वटा मन्त्रालय मात्रै रहेकाले दाबी संख्या घटाउनुपर्ने अवस्था छ । ६ वटा मन्त्रालयमा नेपाली कांग्रेस, एकीकृत समाजवादीले ३ र हाम्रो नेपाली पार्टीले १ वटा मन्त्रालयमा दाबी गरेको हो । मुख्यमन्त्री जम्कट्टेल र नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिं लामाबीच आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने, सरकारमा ६ वटा मन्त्रालय कांग्रेसले लिने सहमति भएको जनाइएको छ ।

तर, कांग्रेसलाई तत्काल ६ मन्त्रालय दिएर जान नसक्नेमा मुख्यमन्त्री जम्कट्टेल देखिन्छन् । कांग्रेसले ६ मन्त्रालय नछाड्ने र माओवादीले ५ वटा मात्रै दिन सक्ने विषयले सरकार विस्तार रोकिएको हो । मुख्यमन्त्री सरकार विस्तारको गाँठो बनिरहेको भागबण्डामा कांग्रेसको सहमति पर्खिरहेको माओवादी केन्द्रका एक सांसद बताउँछन् । उनले माओवादीले भागबण्डाका लागि गरेको प्रस्तावमा कांग्रेस सहमति भए मन्त्रीहरुको सपथ ग्रहण हुन सक्ने जानकारी दिए । 'हामीले ५ वटा मन्त्रालय लिन भनेका छौं । कांग्रेसले स्वीकार गरे तत्काल सरकार विस्तार हुन्छ । नभएर यतिकै हो । हामीले ४ वटा मन्त्रालयबाट तल झर्ने कुरा हुँदैन । एकीकृत समाजवादीलाई २ वटा मन्त्रालय दिनुपर्छ', उनले भने ।

एकीकृत समाजवादीले २ वटा मन्त्रालयमा चित्त बुझाएको दाबी ती सांसदको छ । सरकार विस्तारमा कांग्रेसको हठ रहेको उनले आरोप लगाए । मुख्यमन्त्री जम्कट्टेलले कांग्रेसलाई ५ वटा मन्त्रालय दिन सक्ने बताएका छन् । एकीकृत समाजवादीले ३ वटा दाबी गरेकोमा २ वटासम्म दिने जनाइएको छ । यसो हुँदा कांग्रेसले ५ वटा, माओवादी केन्द्रले ४ वटा र एकीकृत समाजवादीले २ वटा मन्त्रालय पाउने सम्भावना छ । तर, कांग्रेसले ६ वटा मन्त्रालयको दाबी छोड्न नमानेको हो । आफू ६ वटा मन्त्रालय लिएर, माओवादीले मुख्यमन्त्रीसहित ३ वटा मात्रै मन्त्रालय लिएर गठबन्धनका बाँकी दललाई मन्त्रालय बाँड्नुपर्ने अडान लिएको छ । तर, माओवादी लिइसकेको ४ वटा मन्त्रालय घटाउन असहमत देखिएको छ ।

कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले यसै हप्ताभित्र सरकार विस्तार भइसक्ने दाबी गर्छन् । कांग्रेसभित्रै मन्त्रालय भागबण्डालाई लिएर विवाद देखिन्छ । कांग्रेसमा ६ मन्त्रालय पाए मात्रै सरकार जाने वा ५ वटा लिएर छिटो सरकारमा जानुपर्ने विषेल सांसदहरुमा ध्रुवीकरण आएको हो । माओवादीले पाइसकेको ४ वटा मन्त्रालय छोड्ने सम्भावना न्यून रहेको बताउँदै जम्कट्टेलले कांग्रेसलाई गलाएर ५ वटासम्म मन्त्रालय दिने रणनीति बनाएका छन् । मन्त्रीहरुको आकांक्षी बढी हुँदा कांग्रेस दलका नेता लामा ६ वटा मन्त्रालय लिनुपर्ने अडानमा छन् । अन्तत: कांग्रेस ५, माओवादी केन्द्र ४ र एकीकृत समाजवादीलाई २ वटा मन्त्रालय भागबण्डा लाग्ने माओवादी सचेतक रत्न ढकालले जानकारी दिए ।

सरकार विस्तारमा ढिलाइका कारण प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले आठवटा मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका छन् । २५ पुसमा गठित सरकारबाट एमाले र राप्रपा बाहिरिएसँगै सत्तामा सहभागी हुन लागेको कांग्रेसमा मन्त्री हुनेको संख्या बढेपछि कांग्रेसलाई व्यवस्थापनमा समस्या भएको देखिएको हो । कांग्रेसभित्र पनि सरकारमा जान आकांक्षी धेरै देखिएपछि तनाव भइरहेको छ । आकांक्षी धेरै भएपछि ६ वटा मन्त्रालयबाट ५ वटामा चित्त बुझाउने पक्षमा कांग्रेस देखिँदैन । बागमती प्रदेशसभामा कूल ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१ र राप्रपाको १३, एकीकृत समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत छ । एकसय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद् भए पुग्छ ।

# सुकुम्बासीको नाममा दुई पार्टीद्वारा जग्गा कब्जा

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/लामो समयदेखि बसोबास गर्दै आएकाहरुलाई समस्यामा पारेर भूमाफियाले जग्गा नामसारी गरेको आरोप लगाउँदै हेटौंडामा जग्गा कब्जा गरिएको छ ।

हेटौंडा उपमहानगर पालिका-१५ भोर्लेस्थित सुकुम्बासी बस्तीमा कित्ता नम्बर १, ५ ,३४, २६, ७७, ७४, ६१ र २६७ को जग्गामा नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (बहुमत) पार्टीको झण्डा गाडेर कब्जा गरिएको हो । दुई पार्टीले जग्गा कब्जा गरेको विज्ञप्तिमार्फत् सार्वजनिक जानकारीसमेत दिएका छन् । विगत लामो समयदेखि सुकुम्बासीहरु बसोबास गर्दै आएको जग्गा सरकारी मिलेमतोमा व्यक्तिको नाममा नाप नक्सा गरिएको आरोप छ । विगत ४० वर्षदेखि नियमित वसोवास गर्दै आएको सुकुम्बासी बस्तीमा टेकबहादुर बलको नाममा नाप नक्सा भएको भन्दै सुकुम्बासीहरु आक्रोशित भएका थिए ।



जग्गा कब्जा घोषणा कार्यक्रममा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी) मकवानपुर जिल्ला सेक्रेटरी दिक्पालले सुकुम्बासी समुदायले लामो समयदेखि बसोबास गर्दै आएको यस क्षेत्रमा राज्यले विनाशर्त अधिकार सहित बसोबासको व्यवस्था नहुन्जेल आफ्नो पार्टी सुकुम्बासीको पक्षमा लडिरहने बताए । कार्यक्रममा नेकपा (बहुमत) मकवानपुर जिल्ला संयोजक शक्तिले सुकुम्बासीले बसोवास गर्दै आएको क्षेत्रमा कसैले आक्रमण गर्न आए तिनीहरुको प्रतिकार गर्ने बताउँदै सुकुम्बासी समुदायको समस्या समाधान नभएसम्म आन्दोलन नरोकिने बताए । जग्गा कब्जा घोषणा कार्यक्रमपछि दुवै पार्टीले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै उक्त जग्गा कब्जामा लिएको बताएका हुन् ।

'सरकारी कर्मचारीको मिलेमतोमा व्यक्तिको नाममा रहेको १, ५, ३४, २६, ७७, ७४, ६१, र २६७ कित्ताभित्र बसोबास गर्दै आएका सुकुम्बासीलाई उनीहरु बसोबास गर्दै आएको जमिन विनाशर्त उनीहरुकै नाममा उपलब्ध गराउन सम्वन्धित सरोकारवाला पक्षसँग जोडदार माग गर्दै उक्त कार्य पूरा नहुँदासम्म उक्त स्थानमा रहेका सम्पूर्ण कित्ताहरु कब्जा गरिएको जानकारी गराउँदछौ ।', विज्ञप्तिमा भनिएको छ । जग्गा कब्जा कार्यक्रममा सुकुम्बासी समुदायको पनि सहभागिता थियो ।

# विद्यालय छाडेका किशोरीलाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगर पालिकामा विद्यालय छाडेका किशोरीलाई कृष्टलको गहना बनाउने तालिम दिइएको छ ।



विद्यालय जान छाडेका थाहा नगरपालिकाको २४ जना किशोरीलाई कृष्टलको गहना बनाउने एडभान्स तालिम प्रदान गरिएको छ । यसअघि १६ जेठ २०७९ मा किशोरीहरुले एक हप्ते कृष्टलको गहना बनाउने तालिम लिएका थिए । उनीहरुलाई एक हप्ता एडभान्स तालिम प्रदान गरिएको हो । थाहा नगरपालिकाको महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण शाखाले तालिम आयोजना गरेको हो । तालिम सीप विकास केन्द्र काठमाडौं तथा श्रीजनशील कृष्टल हस्तकला उद्योगकी संचालक कमला सुवेदीले प्रशिक्षण दिएका छन् ।

तालिमलाई वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझीले उद्घाटन गरेका छन । रायमाझीले तालिमलाई व्यवहारमा उतार्दै स्वरोजगार बन्नुपर्नेमा जोड दिए । स्वरोजगार बन्न वडा कार्यालयले सहयोग गर्ने उनले बताए । कार्यक्रममा थाहा नगर महिला विकास शाखाप्रमुख प्रतिमा मोक्तान, सामाजिक विकास सदस्य पवित्रासिंह ठकुरी, वडा नम्बर ३ का सदस्यहरु सविता सुनार, कृष्णकुमार कार्की, कार्यपालिका सदस्य जनक विक, सीताराम जेष्ठ नागरिक दिवासेवा केन्द्रका अध्यक्ष ईश्वर कार्कीको उपस्तिथि रहेको थियो ।

*Education is the real treasure*

## We are hiring...

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competence to work with young students in its various departments for the following positions:

1. **Vice-Principal**
2. **Coordinators**
   *Secondary Level, Basic Level and Pre-primary Level*
3. **Secondary & Basic Level Faculty**
   *Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, 'Health, Physical & Creative Arts'*
4. **Secretary to CEO**
5. **School Counselor**
6. **ECA/CCA Instructor**
   *Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing, English Phonics, Nepali Phonics*
7. **Officers**
   *HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,*
8. **Assistants:** *Admin & Finance, Computer Lab, Computer Operator, Front Desk*
9. **Discipline Staffs**
10. **Drivers, Security Guards, Cook, Helpers, Gardener**

**For further details, please visit www.hetaudaacademy.edu.np/vacancy**

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 10. Smart candidates without work experience are also encouraged to apply.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at hr@hetaudaacademy.edu.np with 2 references and expected salary not later than 9 April 2023.

**HETAUDA ACADEMY**
**Residential Secondary School**
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**घर जग्गा भाडामा**

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरुमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
(नोट: भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-
**९८४५२६९७१३/९८४५०२०९५१**
**९८५५०३०९५१** (whatsapp)

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

**बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।**

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# अधुरा योजनामा निगरानी बढाउ

मकवानपुरगढीमा वर्षौंदेखि अलपत्र पक्की पुलको ठेक्का बागमती प्रदेश सरकारले रद्द गरेको छ । ठेकेदारले समयमै काम नगर्दा मकवानपुर गढीको ५ र ३ नम्बर वडा जोड्ने पुलको सामरी खोलामा पिल्लर मात्रै ठडिएका छन् । पुलको पिल्लर मात्रै हेरेर जोखिम मोल्दै सामरी खोला ओहोरदोहोर गर्नुपर्ने वडाबासीको बाध्यता कायमै छ । बागमती प्रदेशको भौतिक विकास मन्त्रालयले पुलको ठेक्का तोडेर नयाँ ठेक्का लगाउने तयारी गरेपछि स्थानीयलाई केही आशा पलाएको छ ।

सामरी खोलामा निर्माणाधीन पुल (सामरी खोला प्रिस्ट्रेसड ब्रिज) पटक-पटक म्याद थप गर्दा पनि पुरा भएन । पूर्वाधार विकास कार्यालयले नागार्जुन–शंकरमाली जेभीलाई २०७२ मा ठेक्का दिइएको पुल २०७९ सम्म आइपुग्दा पनि पुरा हुन नसकेपछि ठेक्का सम्झौता तोडिएको हो । पटकपटक म्याद थप गर्दा पनि हालसम्म निर्माणकार्य अगाडि नबढाइएको भन्दै मन्त्रालयले ठेक्का रद्द गर्दै निर्माण कम्पनीलाई तीन वर्षका लागि कालोसूचीमा राख्ने निर्णय गरेको पूर्वाधार विकास कार्यालय चितवनले जनाएको छ । नागार्जुन–शंकरमाली जेभीले ठेक्का लिएर स्थानीय ठेकेदारलाई पेटी ठेक्कामा दिएको थियो । नागार्जुन–शंकरमाली जेभीले तोकिएको समयभित्र पुल निर्माण गर्न नसकेपछि प्रथम पटक २०७५ चैत २६ गते तीन महिना चार दिनका लागि समय थप गरिएको थियो । उक्त समयभित्र पनि पुल निर्माण हुन नसकेपछि २०७६ फागुन ८ गते पुन: एक वर्षको लागि समय थपिएको थियो । जनजीविकासँगा जोडिएका विकास निर्माणका कार्यमा ल्याङल्याङ गर्ने निर्माण ब्यवसायीलाई कारबाही गर्नै पर्छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ अनुसारको कार्य गरेकाले ठेक्का सम्झौता अन्त्य गरिएको मन्त्रालयले जनाएको छ । पुलको ठेक्का तत्कालीन जिल्ला विकास समितिले लगाएको थियो । मुलुक संघीयतामा गएपछि धेरै अधिकार स्थानीय र प्रदेश सरकारको मातहतमा आएको छ । त्यो अधिकारको सही उपयोग गर्ने हो भने जनजीविकाको सवालमा थोरै भएपनि परिबर्तनका अनुभूति हुनेछ ।

पुलको एकभागमा काठमाडौं जोड्ने बासुदेव मार्ग र अर्कोतर्फ गाउँपालिका केन्द्र जोड्ने सडक विगतमै निर्माण भएका थिए । प्रदेश सरकारको बजेटमा निर्माण सुरु गरिएको थुप्रै सडक र पक्की पुलको निर्माण अलपत्र छ । सडक र पुल मात्रै नभई, हेटौंडामा प्रदेश सरकारकै सभाहलदेखि प्रदेशसभा भवन निर्माण पनि अलपत्र छ । प्रदेश सरकारले पहिलो चरणमा सडक र पुल निर्माणलाई चासो दिएको छ । समयमा निर्माण सम्पन्न गर्न के कुराले रोकेको हो ? राम्रोसँग छानबीन गरी समयमा कार्यसम्पादन नगर्ने कम्पनीलाई विद्यमान कानूनअनुसार कारबाही गर्ने हो भने आगामी दिनमा यो क्षेत्रमा पक्कै पनि सुधार आउनेछ । प्रदेश सरकारले अधुरा योजनाहरुमा निगरानी बढाउनै पर्छ । राज्यकोषको सही उपयोग गर्ने मामलामा निगरानी भएन भने भ्रट्राचार बढ्नेछ ।

# 'वैकल्पिक शक्ति'का पाँच आधार



**राजेन्द्र किराती**

कुनै पनि देश बन्नका लागि सबैभन्दा महत्वपूर्ण आधार हुन्-भूगोल र जनता । देशका निम्ति अन्य धेरै आधार चाहिन्छन् । तथापि यी दुई अनिवार्य हुन् । विश्वका हरेक मुलुक निर्माणमा अनेक र पृथक् आधार, इतिहास तथा यथार्थ हुन्छन्-छन् । हाम्रो देश नेपाल निर्माणका पनि भौगोलिक र जनताका आफ्नै आधार छन् । आजको सरहदभित्रको नेपाल मानचित्र दुई छिमेकी मुलुक चीन र भारतको तुलनामा भौगोलिक र जनसंख्या दुवै हिसाबले सानो छ । तथापि विश्व मानचित्रमा अन्य धेरै मुलुक भन्दा विशाल छ ।

क्षेत्रफलका हिसाबले नेपाल विश्वको ९३ औं मुलुकमा पर्दछ । आजको नेपाल पृथक चार सभ्यता सहित भूगोल र जनता एकीकृत गरी बनाइएको मुलुक हो । हामी (उत्पीडित, मूलवासी समुदाय)ले खोजेको 'वैकल्पिक शक्ति'का मूलत: पाँच आधारबारे औपचारिक बहसको थालनी गर्न चाहन्छु ।

१. नेपालमा वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता र निर्माणका आधारबारे अनेक कोणबाट विश्लेषण गर्ने गरिन्छ । विशेषत: ६० को दशकमा नेपालमा आविष्करणीय र ऐतिहासिक परिवर्तन सम्भव भयो । सो परिवर्तनबाट जननिर्वाचित संविधानसभा मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता र समावेशिता गरी तीन मुख्य उपलब्धि प्राप्त भए । ती उपलब्धिको लिखित दस्तावेज नै हालको संविधान हो । यी उपलब्धिका प्रमुख आधार २०५२ सालदेखि नेकपा माओवादीले लडेको एक दशक लामो सशस्त्र विद्रोह, संसदवादी दलहरूद्वारा आह्वान गरिएको २०६२-६३ सालको जनआन्दोलन, त्यसलगत्तै भएको मधेश विद्रोह र आदिवासी जनजाति, महिला आदि समुदायका संघर्ष हुन् ।

तत्कालीन समयका मुख्य तीन राजनीतिक शक्तिबीच द्वन्द्व थियो । सोही कारण मुलुकको राज्यसत्ता, व्यवस्था र संविधान २०४७ को निरन्तरतामा संकट आइपर्‍यो । पहिलो, संसदवादी राजनीतिक दल, दोस्रो राजतन्त्र र तेस्रो शक्ति नेकपा माओवादी गरी तीन राजनीतिक शक्ति विद्यमान थिए । ती तीन राजनीतिक शक्तिबीच द्वन्द्व रहेको र कुनै दुई शक्तिबीच सहमति गरेर मात्रै तेस्रो शक्तिमाथि विजय प्राप्त गर्न सकिने अवस्था बन्यो । जसमध्ये पनि माओवादी अनिवार्य थियो ।

विशेषत: माओवादी र राजदरबार मिलेर कांग्रेस, एमाले लगायत संसदवादी दलहरूमाथि दमन गरी राजनीतिक संकटको निकास निकाल्ने एउटा विकल्प थियो । त्यो विकल्प अलोकतान्त्रिक र निरंकुश शासनको भड्खालोमा मुलुक फस्ने जोखिम भएतापनि त्यो विकल्पको खोजीमा तत्कालीन दरबार र विद्रोही माओवादी दुवै शक्तिले प्रयास गरेका हुन् । पछिल्लो समयमा विभिन्न लेखक, राजनीतिज्ञ आदिका पुस्तक, लेख र विचार सम्प्रेषणहरूमा त्यस्तो प्रयासबारे धेरै तथ्यको खुलासा भइसकेका छन् । र दुवै पक्षले हालसम्म उक्त तर्कको खण्डन गरेको ज्ञात छैन ।

तत्कालीन दरबारको राजनीतिक अयोग्यता, दरबारियाको निहित स्वार्थ र अन्य समेत केही कारणले त्यो विकल्प सफल नभएपछि माओवादी र संसदवादी दलबीच सहमतिको बाध्यात्मक स्थिति निर्माण भयो । त्यस्तो स्थिति बन्नुका मुख्य तीन कारणमध्ये पहिलो -राजतन्त्रले प्रजातन्त्र र संविधानमाथि 'कु' गरी प्रजातन्त्रवादी माथि निरंकुशता लादेका कारण दल र दरबार बीच द्वन्द्व बढेको अवस्था हुनु । दोस्रो-माओवादीका प्रमुख नेतामाथि भारत 'सेल्टर'मा संकट र असुरक्षा बढ्नु । तेस्रो-दरबारसँग सहमति गर्ने प्रयास असफल हुनु । फलस्वरुप २०६२ मंसिर ७ गते ७ राजनीतिक दल र विद्रोही नेकपा माओवादीबीच १२ बुँदे सम्झौता सम्पन्न भयो । नेपालको राजनीतिले नयाँ कोर्स तयार पार्दै युग परिवर्तनको बाटो समेत तय गर्‍यो ।

त्यस्तो द्वन्द्व, अशान्ति, हत्या-हिंसाको राजनीतिबाट उदाएको क्रान्तिकारी घोषित माओवादी दिनानुदिन खिइरहेको छ । पुरानै नीति र नेतृत्वका नेपाली कांग्रेस, नेकपा एमाले जस्ता दल नै नेपालको प्रमुख राजनीतिक शक्तिको रूपमा अविचलित छन् । माओवादी भने विभाजन, स्खलन, सत्तालिप्सा, शक्ति र सम्पत्तिको खेलमा लोपोन्मुख बन्न पुगेको छ । यस्तै जटिल अवस्थाको फाइदा उठाउने दाउमा पूर्व दरबारिया, धार्मिक अतिवादी, जातीय नश्लभेदी र पश्चगामी शक्ति सल्बलाउन थालेका छन् ।

हालको संकटको मुख्य कारण प्रमुख दलहरूको राष्ट्र र जनताको हित नगर्ने नीति र नेतृत्व हो । त्यसलाई विस्थापन गरी नयाँ जागरण र ऊर्जा ल्याउने नीति र नेतृत्व सहितको वैकल्पिक शक्ति निर्माणको पहिलो र महत्वपूर्ण आधार हो । त्यस्तो शक्ति लोकतन्त्रवादी, समावेशी सिद्धान्त, गणतन्त्रवादी, संघीयता पक्षधर, समानतावादी र मानवतावाद विरुद्धका सबै खाले विभेदी व्यवस्था, प्रथा, मान्यता र व्यवहार विरोधी हुनुपर्ने शर्तमा भने पुनरावलोकन वा सम्झौता हुन सक्दैन ।

२. जाति व्यवस्था विरोधी, समावेशी नीति र नेतृत्व सहितको शक्ति जरूरी छ । मुलुकमा जातीय विभेद, छुवाछूत र जातका नाममा हत्या, हिंसा तथा घृणा यथावत् छन् । त्यति विशाल जनसमर्थन, विद्रोह, बलिदानी, त्याग, भरोसा र योगदानबाट प्राप्त गरेको लोकतन्त्र, गणतन्त्रमा समेत एकल जातिवादी राज्यसत्ता नै बलशाली रहनु खेदपूर्ण छ । खसहरूको प्रत्यक्ष नेतृत्व र अप्रत्यक्षमा आर्यहरूको नेतृत्वमा लामो शासन रह्यो नेपालमा । अर्थात् खस (क्षत्री) शाहवंशको राजतन्त्र (प्रत्यक्ष) तर राजालाई निर्देशन दिने आर्य (पण्डित, पुरोहित ब्राह्मण) साझेदारी राज्यसत्ता गणतन्त्रको प्राप्ति पश्चात् अन्त्य भयो ।

खसहरूको सत्ता ढालियो र आर्यहरू प्रत्यक्ष नै शासन गर्न थाले । हाल केही क्षत्री (खस) वंशका मर्माहत व्यक्तिहरूको सदन र सदन बाहिरको आक्रोशित अभिव्यक्तिको मूल कारण यही हो । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन भने जन्मजात राजावादी र हिन्दुवादी होइनन् र हुनै सक्दैनन् । किनभने उनको पुर्खा न शाह, ठकुरी, खस वंश हो, न उनी प्राचीन हिन्दुका सन्तति नै हुन् । एउटा भनाइ यहाँ स्मरणयोग्य हुन सक्छ, 'विष जति शुद्ध हुन्छ, त्यति नै हानिकारक र खतरनाक पनि ।' अत: लिङ्देन गणतन्त्र र धर्मनिरपेक्षताका निम्ति विष बन्ने कोसिस गर्लान् तर विशुद्ध विष बन्दैनन् ।

आर्यहरूको प्रत्यक्ष राज्य सत्ताका निम्ति उनीहरू गणतन्त्र ल्याउन सहमत हुनु, एक प्रमुख कारण थियो । यो आरोप पुष्टि गर्ने पर्याप्त आधार छन् । हाल नेपालको राज्य सत्तामा मुलुकको मुख्य पदहरूमा पदासीन व्यक्तिहरू सबै आर्य त्यसपछि मात्रै खसहरू छन् । जस्तै: राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, मन्त्रीहरू, ७ प्रदेशमध्ये मधेश प्रदेश बाहेक ६ प्रदेशका मुख्यमन्त्रीहरू, संघीय संसदका दुवै सदनका मुख्य दलका नेताहरू, प्रदेशसभाका सभामुखहरू, सदनमा प्रमुख प्रतिपक्षी दलका नेताहरू, प्रदेशसभामा दलका नेताहरू सबै आर्य ।

त्यति मात्रै होइन संसदमा पहिलो दल कांग्रेस सभापति शेरबहादुर देउवा (खस), दोस्रो एमाले अध्यक्ष केपी शर्मा ओली, तेस्रो दल माओवादी अध्यक्ष पुष्पकमल दाहाल, चौथो दल रास्वपा सभापति रवि लामिछाने सबै आर्य अर्थात् बाहुन । यो सूची अरू लम्ब्याउन सकिन्छ । नेपाल प्रहरी, सेना, सशस्त्र प्रहरी जस्ता सुरक्षा अंगका प्रमुखहरू, लोकसेवा आयोग, निर्वाचन आयोग, मिडिया आदि सबैमा एकल जातिवादी अतिवाद छ । यो नामको लोकतन्त्र तर व्यवहारमा जातीय निरंकुशता भएको व्यवस्था हो । त्यसैले दलतन्त्रमा राज्य सत्ता सञ्चालनको अधिकार दलहरूमाथि हुने हुँदा राजनीतिक शक्ति समावेशी सिद्धान्तका आधारमा बनाइएको हुनु अनिवार्य छ । ऐतिहासिक भूमिका, सभ्यता, जनसंख्याका हिसाबले नेपाल चार खम्बे राजनीतिक शक्ति रहेको मुलुक हो । जसमध्ये पहिलोह आदिवासी जनजाति, दोस्रोह आर्य-खस, तेस्रोह दलित र चौथो मधेशी । यी चार समुदाय राजनीतिक, सामाजिक-सांस्कृतिक र आर्थिक शक्ति हुन् । राज्यसत्तामा यी चार समुदायको पूर्ण समानुपातिक समावेशीकरण हुने गरी शक्ति बाँडफाँड गर्न जरूरी छ । यस्तो संवैधानिक व्यवस्था मिलाउन सक्ने हामीले खोजेको वैकल्पिक शक्तिको दोस्रो र महत्वपूर्ण आधार हो ।

३. वैकल्पिक शक्तिको सैद्धान्तिक, वैचारिक आधार के हुने भन्ने अर्को मुख्य प्रश्न हो । स्वाभाविक रूपमा राजनीतिक शक्तिको विचार प्रष्ट हुनै पर्दछ । लोकतन्त्रको विकल्प नरहेको तथ्य माथि स्पष्ट भई नै सकेको छ । कार्लमार्क्सलाई जातीय व्यवस्थाको पूर्णतया ज्ञान थिएन । तथापि मार्क्सको विचार समेत जोडेर भारतीय संविधान निर्माता, शोसित उत्पीडित समुदायका मसिहा डा. भीमराव अम्बेडकरले भनेका थिए, 'भारत लगायत वर्ण व्यवस्था रहेका मुलुकका मुख्य दुइटा समस्या छन् र ती हुन्– वर्ण व्यवस्था र वर्ग विभाजन ।'

त्यति मात्रै होइन, उनले दलित, उत्पीडित समुदायलाई वर्ग समेत मानेका छन् । अर्थात् जातीय विभेद, छुवाछूत बाहेक आर्थिक पनि मूल समस्या हो । दलित, उत्पीडित मूलवासी समुदायलाई वर्ग–समुदायको रूपमा परिभाषित गर्न सकिन्छ । नेपालको राजनीतिक, सामाजिक–सांस्कृतिक र आर्थिक समस्या, जातीय, क्षेत्रीय, धार्मिक लगायत विभेद, असमानता, विविधताबीचका द्वन्द्व आदि वस्तुस्थितिका कारण बुद्ध–अम्बेडकरवाद उत्तम विचार मार्ग हो । बहुआयामिक समस्या समाधान तथा यहाँका जनताको राजनीतिक चेतलाई मध्यनजर गर्दै बुद्ध–अम्बेडकरवाद र मार्क्सवादको समायोजन गरी नवीन वैचारिकता निर्माण गर्न सकिन्छ । र, त्यो मूलवासी राजनीतिक शक्तिको सिद्धान्त बन्दछ । हामीले खोजेको वैकल्पिक शक्तिको मुख्य वैचारिक आधारमध्ये यो प्रधान हुनेछ ।

४. गरिबी निवारण र भ्रष्टीकरण विरुद्ध राजनीतिक प्रतिबद्धताले मात्रै काम गरेन । अझ यथार्थ त के देखिन्छ भने, राजनीतिक संरक्षणमा गरिने अनियमितता, भ्रष्टाचार र बेथिति सबैभन्दा ठूलो समस्याको रूपमा देखा पर्‍यो । सुशासन, आर्थिक पारदर्शिताको नारा बोकेर स्थापित बन्न पुगेका दल र पपुलिस्ट नेताहरूको प्रत्यक्ष-अप्रत्यक्ष संलग्नतामा भ्रष्टाचार मौलाउन पुग्यो । निर्वाचन पद्धति भ्रष्ट राजनीतिको प्रमुख कारण हो । चुनाव जित्न धन खर्च गर्नुपर्ने र चुनाव जितेपछि उक्त खर्च उठाउन भ्रष्टाचार गर्नुको अन्य विकल्प नरहने भ्रष्टाचार बढ्नुको मुख्य कारण हो ।

त्यति मात्रै होइन भ्रष्टाचार प्रतिष्ठाको विषय बन्न पुगेको छ । जसले जसरी भए पनि धन आर्जन गर्नुपर्ने अन्यथा उसको सामाजिक, राजनीतिक हैसियत धरापमा पर्ने विडम्बनाको अन्त्य नगरेसम्म भ्रष्टाचारको महारोग नियन्त्रणमा आउने सम्भावना देखिँदैन । यो गरिबीको पनि एक मूल कारण हो नै । यस्तो हुनु डरलाग्दो अवस्था हो । भ्रष्टाचारको मूल स्रोत हालको निर्वाचन प्रणालीलाई परिवर्तन गर्न जरूरी छ । पूर्ण समानुपातिक निर्वाचन प्रणाली प्रयोग गरी भ्रष्ट निर्वाचनको बाटो बन्द गर्न सकिन्छ । यो समावेशी सिद्धान्त र अन्य कारणले समेत बलियो विकल्प हो ।

कानुनका दुइटा मान्यता हुन्छन्– 'रुल अफ ल' (कानुनको शासन) र 'रुल बाई ल' (कानुनद्वारा शासन) । लोकतन्त्र कानुनको शासन हो र त्यसमा मात्रै जीवन्त रहन सक्छ । हाम्रो जस्तो कमजोर लोकतन्त्रमा जो आए पनि 'रुल वाई ल'मा चल्न खोज्छ । अर्थात् आफू अनुकूल कानुन बनाउने, संशोधन गर्ने र शासन गर्ने । त्यस्तो अलोकतान्त्रिक व्यवहार अन्त्य गर्न अबको वैकल्पिक शक्तिले आधार तयार पार्नुपर्दछ । आजको हाम्रो खोजीको आधार यो निश्चय पनि हो ।

५. नेपालका दल र अन्य सार्वजनिक संगठनहरू पटक्कै विविधता अनुरूपको समावेशी छैनन् । कांग्रेस, एमाले, माओवादी, रास्वपा आर्य–खस नेतृत्वमा अविच्छिन्न रूपमा रहे जस्तै मधेश मूलका दलहरू, आदिवासी जनजाति, दलित आदिले निर्माण गरेका दल, संघ-संगठनहरूमा पनि उही हाल छ । अझ जनजातिभित्रका पनि सीमित जातको योगदान या अगुवाइमा खोलिएका दलहरू सो जात बाहेक अन्य जनजातिमाथि गरिने व्यवहार बाहुनका पार्टीले अन्यमाथि गर्ने व्यवहार भन्दा पृथक छैन । त्यस्तै दलितभित्रको एक जातको नेतृत्वमा खोलिएका संगठनमा दलितभित्रका अन्य जातलाई मुख्य भूमिका दिइँदैन । अर्थात् बाहुन, आदिवासी जनजाति, दलित या मधेशी समुदायको नेतृत्वमा खोलिएका दल या संगठनभित्र व्यापक जातिवाद हावी छ । यसले हाम्रो जातीय समस्या समाधान गर्दैन, बरु आन्दोलनलाई निस्तेज बनाउन भूमिका खेल्दछ ।

समावेशीकरणको मुद्दा लोकतन्त्र, संविधान र दीर्घ शान्तिका निम्ति जरूरी छ । बलियो संसद, प्रधानमन्त्रीय व्यवस्थाको परिपक्वतामा मात्रै उत्पीडित जाति, समुदाय, क्षेत्र, धर्मको अधिकार सुनिश्चित गर्न सम्भव छ । प्रत्यक्ष निर्वाचित कार्यकारी रहने व्यवस्था लोकतन्त्रको एक पक्ष भएतापनि हाम्रो जस्तो विविधता र त्यसैका आधारमा गरिने विभेद र असमानता विद्यमान रहेको मुलुकमा त्यो व्यवस्था सफल हुँदैन ।

संसद जनताको पीरमर्का, समस्याबारे छलफल गर्ने र समाधानका लागि सरकारलाई निर्देशन दिने सार्वभौम संस्था हो । सरकारको कामकारबाहीबारे मूल्यांकन गर्ने, सरकार गठन र विघटन गर्ने, आवश्यक कानुन निर्माण तथा संविधानको संशोधन समेत गर्ने वैधानिक अधिकार राख्ने संसद जनताको संस्था हो । तर दलित, उत्पीडित समुदायका कोही व्यक्ति प्रत्यक्ष निर्वाचन जितेर कार्यकारी पदमा पुग्ने सम्भावना कम्तीमा एक शताब्दी छैन । त्यसैले संसदीय लोकतन्त्र निर्विकल्प हाम्रो रोजाइको व्यवस्था हो । बहकाउमा लागेर क्रान्तिकारी बन्नुमा कुनै फाइदा छैन ।

हामी निरन्तर संघर्षको चरणमा छौं । वर्तमानको केन्द्रीकृत मानसिकता बोकेका शासकहरूबाट संघीयतामाथि अन्याय भएको छ । संघीयताको मर्म, काम, कर्तव्य, संविधानले प्रदान गरेका अधिकार समेत केन्द्रले प्रदेशलाई नदिएर प्रणालीको बदनाम गराउने घृणित कार्य खेदजनक छ । त्यस कार्यका निम्ति संविधान जारी भएपछि गठन भएका दुइटा संसद, यसबीच बनेका सरकार पूर्णतया जिम्मेवार छन् । बोलीमा संघीयता पक्षधर देखिए तापनि प्रदेशलाई अधिकारविहीन बनाई जनतामा प्रदेश संरचनाको कुनै काम र अर्थ नरहेको देखाएर पुन: केन्द्रीकृत शासन व्यवस्थामा मुलुकलाई धकेल्ने षड्यन्त्र भइरहेको छ । संघीयतालाई अधिकारसम्पन्न गराउने वैकल्पिक शक्तिको लक्ष्य हुनुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
| --- | --- |
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
| --- | --- |
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत २७ गते सोमबार १० अप्रिल २०२३ । चतुर्थी, वैशाख कृष्णपक्ष । चौलागा ११४३ ने.सं. । सूर्योदय ५:४७, सूर्यास्त ६:२५।

## आजको राशिफल

| | | | |
| --- | --- | --- | --- |
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसूग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# एमालेको फर्कने बाटो

**विष्णु सापकोटा**

नेपालको राजनीतिक इतिहासमा मदन ण्डारी अधिक मूल्यांकन गरिएका नेता हुन् । नेपाली समाजले दिवंगत व्यक्तिको सार्वजनिक व्यक्तित्वलाई आलोचनात्मक दृष्टिले हेर्ने दुःख गर्दैन । समर्पणका लागि नभएर जीविकोपार्जनका लागि राजनीति गरिरहेको वर्गको मात्र कुरा होइनह सामाजिक अध्ययनका विधामा संलग्न व्यक्तिमध्ये पनि अधिकांशले राजनीतिकर्मीसँग समयक्रममा यो या त्यो माग्ने आशामा बाँच्ने प्रवृत्ति अँगाल्नाले गर्दा इतिहासका पात्रप्रति निर्भीक विमर्श हुँदैन । तर आजको स्तम्भ भण्डारीको अप्रत्याशित अन्त्यपछिको एमाले हेर्दाहेर्दै इतिहासको कस्तो चक्रमा आइपुगेको छ जहाँबाट ऊ कतै फर्कन सम्भव छ, अगाडि बढ्नचाहिँ छैन भन्ने विषयमा केन्द्रित हुनेछ ।

वामपन्थी आन्दोलनहरू विश्वव्यापी रूपमा रक्षात्मक हुँदै, खुम्चिँदै गएको त्यो समयमा नेकपा-मालेसँग उपलब्ध विकल्पमध्ये बहुदलीय प्रजातन्त्र स्विकार्नु सुरक्षित बाटो थियो । आफूले दुई दशकदेखि कार्यकर्तालाई देखाउँदै आएको सपना अवास्तविक थियो । र झुक्काएर खसीको टाउको देखाइने बुर्जुवा संसद् नै 'आखिर श्रीकृष्ण रहेछ एक' भन्नुभन्दा त्यसलाई 'जनताको बहुदलीय जनवाद' भन्दा बढी कर्णप्रिय सुनिन्थ्यो । सिद्धान्त बाहिर जीवन नै छैन भनेर सिकाएका कार्यकर्तालाई पार्टीले मार्ग परिवर्तन गर्दै छ भनेर जस्तो भए पनि कुनै एउटा दस्तावेजलाई सिद्धान्त भनेर दिनुपर्ने थियो, जसका लागि चाहिने बौद्धिकता भने भण्डारीमा यथेष्ट थियो ।

कुशल संगठक र प्रखर वक्ता त भण्डारी थिए नै, भर्खर जनआन्दोलनको नेतृत्व गरेको कांग्रेसका सभापति र प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई निर्वाचनमा हराएपछि उनको व्यक्तित्व चाखलाग्दो देखिनु स्वाभाविक थियो । जबजको सट्टा दस्तावेजको नाम अर्को हुन सक्थ्यो तर उनको साटो महासचिव अर्को कोही भएको भए पनि मालेले त्यो बेला लिने बाटो सायद त्यही नै हुन्थ्यो । सरकारको नेतृत्व गर्न पाएको खण्डमा उनले के गर्न सक्थे वा २०५० को दशकमा इतिहासको बाटै मोड्ने देशका राजनीतिक घटनाक्रममा उनको भूमिका र क्षमता कस्तो देखिन्थ्यो, देख्न पाइएन । यही कारण उनको व्यक्तित्व रहस्यमयी नै रह्यो र रहस्यले बढाउने कौतूहलले गर्दा इतिहासमा भण्डारीको ठाउँ उनले खेलेको भूमिकाभन्दा ठूलो देखिन गयो ।

एकीकरणमार्फत जोडिएका मनमोहन अधिकारी र सहाना प्रधानबाहेक भण्डारीको निधन हुँदा मालेका नेताका हैसियतमा माधवकुमार नेपालभन्दा सार्वजनिक रूपमा बढी चर्चित अरू थिए । तर लेनिनवादी सांगठनिक संरचनामा माधवको पक्षमा बहुमत पुग्यो र आकस्मिक परिस्थितिमा उनी भण्डारीका उत्तराधिकारी चुनिए । त्यतिबेलाको सार्वजनिक बहस सम्झँदा, माधव नेपाल तत्कालका लागि एक जना कार्यवाहक मात्र हुन्, विधिवत् रूपमा अर्को कोही 'प्रतिभाशाली' नेता छिट्टै आइहाल्छ भन्ने थियो । तर त्यसरी छिट्टै अर्को कोही (झलनाथ खनाल) आउन पूरा चौध वर्ष लाग्यो र त्यो पनि माधवले स्वेच्छाले राजीनामा दिएपछि । त्यसको पाँच वर्षपछि केपी ओली आए । र उनी यसरी आएका छन् कि मानौं अब उनी कहिल्यै जाने नै छैनन् ।

विषयमा प्रवेश त गरिहालियो । हो, पंक्तिकारले अवलोकन गरेका ओली जो छन् तिनले एमालेको विधान बिनासंकोच संशोधन गर्नेछन् र पार्टी नेतृत्वको उमेर हद बढाएर फेरि अर्को पटक अध्यक्ष हुनेछन् । र यति मात्र विषय स्वयंमा त्यति ठूलो नहुन पनि सक्छ जति पार्टीका रूपमा एमाले के हुँदै छ र ऊ कहाँ उभिइरहेको छ भन्ने विषय छ ।

इतिहास भन्ने चीज यदि आफैंमा कुनै पात्र हुँदो हो भने उसलाई व्यंग्य अति मन पर्ने हुनुपर्छ । नभए हेरौं न, माधव नेपालका चौधवर्षे र झलनाथका पाँचवर्षे अप्रभावकारी नेतृत्वको प्रतिक्रियास्वरूप ओली अध्यक्षमा निर्वाचित हुनुको अर्थ थियो– अब एमाले आफ्नै विशेषता भएको दल हुनेछ । शान्ति प्रक्रियासँगै अघि बढेको राजनीतिक कोर्समा एमालेको हस्तक्षेप पहिलेभन्दा बढी सशक्त हुनेछ । पार्टीको रूपमा एमालेको प्रस्ट 'पहिचान' हुनेछ । ओलीका सुरुआती समय, खासगरी संविधान जारी गर्ने बेला, त्यसतर्फका संकेतहरू नदेखिएका पनि होइनन् । तर दोस्रो कार्यकालको यति समय बित्दासम्म हेरौं त एमाले अहिले के भएको छ ?

माओवादी 'जनयुद्ध' लाई हेर्ने आक्रामक दृष्टिका कारण पार्टीभित्र र बाहिरका केही पंक्तिमा निश्चित 'अपिल' बनाएका तिनै ओलीले चुनाव जितेर सरकारको नेतृत्व गर्ने लोभमा सम्पूर्ण पार्टीलाई नै त्यही माओवादीसँग एकीकरण गरेर प्रचण्डलाई एमालेका कार्यकर्ताको अध्यक्ष नै बनाए । माओवादीसँग एकीकरण गर्दा द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका सवालमा पार्टीको पहिलेको दृष्टिकोणलाई सत्ता लेनदेनमा साटफेर गरे । यही कारण, अहिले माओवादीसँग सहकार्य टुटेको बेला उनले यस विषयमा उचो पारेको आवाजमा नैतिक सामर्थ्य बाँकी रहेन । किनकि अब सबैले बुझिसके- फेरि पुष्पकमल दाहालसँग सत्ता लेनदेनको कुरा मिलाउनुपर्‍यो भने यो मुद्दालाई अनदेखा गर्न उनी हरदम तयार छन् ।

आफूले झापामा चुनाव हारिने हो कि भन्ने भयले ओलीले राष्ट्रिय प्रजातन्त्र पार्टीसँग मिल्ने जति ठाउँमा तालमेल गर्नुसम्मलाई अस्वाभाविक नमानौं । तर राजेन्द्र लिङ्देन र ओलीको निरन्तरको सामीप्य हेर्दा कतै उनीहरूको राजनीतिक 'केमेस्ट्री' समेत मिलेको त होइन भन्नेजस्तो देखिन्छ । पुराना जति सबै अकर्मण्य भन्ने नारामा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीका लागि त उनी केही समय अघोषित अभिभावक नै भएका थिए । नागरिकता विधेयकलाई अध्यादेशका रूपमा ल्याउने ओलीको प्रयास र मधेशी दलसँगका उठबस पनि यस बीच सबै देखियो । र कांग्रेसभन्दा नीतिगत रूपमा भिन्न देखिन एमालेसँग त्यसै पनि न अर्को कुनै आर्थिक दृष्टिकोण नै छ न त शिक्षा, स्वास्थ्य वा अरू प्रमुख नीतिगत मुद्दा नै । एमालेको पहिचान फर्काउँदै राजनीतिमा हस्तक्षेप गर्न सामर्थ्यवान् गराउने अजेन्डा बोकेर उदाएका ओलीले एमाले के हो भन्ने परिचय नै धमिलो पारेका छन् ।

यी सबैभन्दा माथि, वर्तमानमा एमालेको ठूलो जटिलता भनेको ओलीले असंवैधानिक रूपमा प्रतिनिधिसभा विघटन गरेर संविधान मिचेको इतिहास हो, जसले गर्दा एमालेको संविधानप्रतिको अपनत्व प्रश्नको घेरामा आएको छ । ओलीको राजनीतिक हठ र व्यक्तिगत अहंकारको प्रतिरक्षा गर्नुपर्ने बाध्यताले एमालेका क्षमतावान् नेताहरूको व्यक्तित्वको सार्वजनिक क्षयीकरण तीव्र भइरहेको छ । संविधानसभाको अध्यक्ष हुँदा आर्जन गरेको सुवास नेम्वाङको व्यक्तित्व संसद् विघटनको बचाउ गर्दादेखि निहुरिएको निहुरिऐ छ । विषयलाई सैद्धान्तिकीकरण गर्न सक्ने र राजनीतिक मुद्दामा दृष्टिकोणसहित बोल्ने-लेख्ने बौद्धिक क्षमता भएका शंकर पोखेल र प्रदीप ज्ञवालीजस्ता नेताको सामाजिक पुँजी ओलीका आत्मकेन्द्रित निर्णयको बचाउ गर्दागर्दै रित्तिन लागेको छ ।

*बाँकी पृष्ठ ३ मा...*

# सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा जुटेन सहमति




काठमाडौं/सङ्क्रमणकालीन न्याय निरूपण (टिआरसी) सम्बन्धी विधेयकलाई द्रुतमार्ग (फास्ट ट्याक) बाट पारित गर्ने विषयमा शीर्ष नेताबीच सहमति हुन सकेन । सभामुख देवराज घिमिरेको पहलमा सिंहदरबारस्थित उनकै कार्यकक्षमा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीबीच शनिबार भएको छलफलमा सहमति जुट्न नसकेको हो ।

सङ्क्रमणकालीन न्याय निरूपण (टिआरसी) सम्बन्धी विधेयकलाई द्रुतमार्ग (फास्ट ट्याक) बाट पारित गर्ने विषयमा सत्तारुढ दल कांग्रेस र माओवादीबाट आएको प्रस्तावलाई प्रमुख प्रतिपक्ष दल एमालेका अध्यक्ष ओलीले अस्वीकार गरे । ओलीले सङ्क्रमणकालीन न्याय सम्बन्धी विधेयक समितिमा नगइकन नटुङ्गिने स्पष्ट पारे । बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले सङ्क्रमणकालीन न्याय सम्बन्धी विधेयक कुनै न कुनै हिसाबले समितिमा लैजानुपर्ने बताए ।

उनले छलफलमा संसद्लाई गतिशील बनाउने कुरामा छलफल भएको बताए । उनले भने, 'सदनका काम कारबाहीहरूको सन्दर्भमा सदनलाई कसरी प्रभावकारी र गतिशील ढंगले बढाउने र अहिले आएका समस्यालाई कसरी समाधान गर्ने भन्ने सन्दर्भमा छलफल भयो, यो प्रारम्भिक हो, सकारात्मक छ । समितिमा कुनै न कुनै हिसाबले जानैपर्छ । दुई तीन दिनभित्र अर्को बैठक बस्छ ।'

यता बैठकपछि प्रधानमन्त्री पुष्पकमल दाहालले सङ्क्रमणकालीन न्याय सम्बन्धी मुद्दाको टुङ्गो लगाउन मध्यममार्गको विकल्प अपनाउने बताए । उनले बैठकमा टिआरसीसँग सम्बन्धित विधेयक, संवैधानिक परिषद्सँग सम्बन्धित विधेयक र सम्पत्ति शुद्धीकरण सम्बन्धी विधेयकलाई छिटो टुङ्ग्याउने भन्ने बारेमा छलफल भएको बताए ।

उनले भने, 'सदन भित्रको टिआरसीसँग सम्बन्धित विधेयक, संवैधानिक परिषद्सँग सम्बन्धित विधेयक र सम्पत्ति शुद्धीकरण सम्बन्धी विधेयकलाई छिटो टुङ्ग्याउन छलफल भयो, सैद्धान्तिक रूपमा हामी सहमत नै छौँ । प्राविधिक पाटो भएकाले विज्ञहरू पनि बसेर २८ गतेको बैठकले टुङ्ग्याउने कुरा भएको छ । हामी सरकारमा बसेकाहरूले फास्ट ट्र्याकबाट टुङ्ग्याउने भनेका छौं । प्रतिपक्षले समितिमा लैजाने कुरा छ, बीचको बाटो खोज्ने भन्ने पनि छ ।'

प्रधानमन्त्री दाहालले सरकार पक्षधर राजनीतिक दलहरूले भने सङ्क्रमणकालीन न्याय सम्बन्धी विधेयक फास्ट ट्र्याकबाट नै टुङ्ग्याउने पक्षमा रहेको बताए ।

**शीर्ष तीन दलका नेताबीच सामूहिक विषयमा छलफल भयोः सभामुख**

सभामुख देवराज घिमिरेले शीर्ष दलका नेताहरुबीच कुराकानी नभइरहेको अवस्थालाई मध्यनजर गरेर बैठक बोलाइएको बताए । शनिवार सिंहदरबारस्थित कार्यालयमा बसेको तीन दलका शीर्ष नेताहरूको बैठक पछिल्लो समय तीन राजनीतिक दलका नेताहरुबीचमा सामूहिक विषयमा कुराकानी हुन नसकेको अवस्थालाई मध्यनजर गरी बोलाइएको जानकारी दिए ।

उनले भने, 'सहमति र विमति भन्दा पनि नेताहरूको बीचमा आपसमा बसेर सामूहिक विषयमा कुराकानी भएको थिएन, सामान्य कुराकानी गराउन पहल भएको छ, सामान्य कुराकानी भएको छ ।' सभामुख घिमिरेले नेताहरुबीच सामूहिक विषयमा छलफल भएको बताए ।

## पेरिस ओलम्पिक महिला फुटबल छनोट :

# बलियो भियतनामविरुद्ध नेपालको सुधारिएको प्रदर्शन



काठमाडौं, २५ चैत/ पेरिस ओलम्पिक २०२४ को महिला फुटबल छनोटको पहिलो चरणबाटै नेपाल बाहिरिएको छ । शनिबार भएको दोस्रो खेलमा भियतनामसँग २-० ले पराजित भएको नेपाल समग्रमा ७-१ को नजितासँगै ओलम्पिक छनोटबाट बाहिरिएको हो ।

बुधबार भएको पहिलो खेलमा ५-१ मा हार व्यहोरेको नेपालले दोश्रो खेलमा भने सुधारिएको प्रदर्शन गऱ्यो । दोस्रो हाफमा नेपालले विश्वकपका लागि छनोट भइसकेको भियतनामलाई दबावमा राख्न सफल भएको थियो ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा भियतनामले सुरुको ७ मिनेटभित्र २ गोल गरेको थियो । खेलको छैटौं मिनेटमा भियतनामले पाएको पहिलो कर्नरमा पोष्टमा अलमल हुँदा पाम हाइ यानले गरेको फितलो प्रहार गोल भयो । यसको एक मिनेट बित्दै खेलको सातौं मिनेटमा तान थि थु था ओले गरेको पासमा पुन यानले नै गोल गरिन् ।

'सहजै क्लियर गर्नुपर्ने बल हिरा (भुजेल)ले बिगारेर कर्नर भयो । भियनामले सेकेण्ड बारमा हान्छ भनेर राख्दा राख्दै पनि डिसिप्लिनको कमी भएको जस्तो देखियो', प्रशिक्षक अनन्त थापा भन्छन्, 'दोस्रो गोल पनि त्यस्तै भयो ।'

गोलरक्षक एन्जिला तुम्बाप्पेले पनि डिफेन्ससँग कम्बिनेसन नमिलेको बताइन् । लगातार दुई गोल खाएपछि नेपाली टोली केही दबावमा आए पनि पहिलो हाफमा थप गोल खाएन । ३९ औं मिनेटमा सावित्रा भण्डारीले गरेको सटअन टार्गेट पनि भियतनामी किपरले उत्कृष्ट बचाउ गरिन् ।

दोस्रो हाफमा गोलरक्षक नै परिर्वतन भयो । कप्तान समेत र हेकी गोलरक्षक एन्जिलाको स्थानमा अन्जना राना मगर मैदान प्रवेश गरिन् भने नेपालको खेलमा पनि निकै सुधार भयो । 'सेकेण्ड हाफ फूल डिमिनेन्ट नै गऱ्यौं', खेलपछि आयोजित पत्रकार सम्मेलनमा प्रशिक्षक थापा भन्छन्, 'आजको खेलमा हामीले अवसर सृजना गऱ्यौं ।'

खेलको ६६औं मिनेटमा पेनाल्टी बक्समा विमला चौधरीले दिएको पासमा दिपा शाहीको प्रहार पहिलो बारमा लाग्दै बाहिरिएको थियो । नेपाली टोलीको प्रदर्शन अघिल्लो खेलमा भन्दा सुधारिएको भन्दै थापाले खुसी व्यक्त गरे ।

पहिलो खेलमा भियतनामको टिमबारे धेरै अध्ययन गर्न नपाएकाले गाह्रो भएको भन्दै उनले भने, 'आजको खेल इम्पुभमेन्ट हो जस्तो लाग्छ ।' नेपालले पनि आगामी दिनमा विश्वकप खेल्न सक्छ भन्ने आश जगाएको भन्दै उनले यसका लागि अन्तराष्ट्रिय एक्पोजर चाहिने बताए । थापाले अघि भने, 'वर्षमा १०/१५ वटा फ्रेन्ड्ली चाहिन्छ ।'

भियतनामका प्रशिक्षक माइ डक चुङले पनि नेपाली टिमको प्रशंसा गरे । उनले पहिलो खेल आफूहरुका लागि सहज भए पनि आजको खेलमा नेपालले आच्छु आच्छु पारेको उनले बताए । भने, 'नेपालले आजको खेल निक्कै राम्रो खेल्यो, पहिलो खेलमा भएका कमजोरी सुधार गरेको देखैं ।'

**वीरगञ्जको रामजानकी मन्दिर अतिक्रमण गरेर बनाएको संरचनामा महानगरले चलायो डोजर**

२५ चैत, वीरगञ्ज । वीरगञ्ज महानगरपालिले वडा नं. १० घडीअर्वास्थित रामजानकी मन्दिरको जग्गामा भएको अतिक्रमण हटाएको छ । अतिक्रमण गरी बनाइएको संरचना महानगरले शनिबार डोजरको सहायताले हटाएको हो ।

यसअघि मन्दिरको पूजारी शम्भुनाथ तिवारीले महानगरविरुद्ध मन्दिर अतिक्रमण तथा तोडफोड गर्न नदिन माग गर्दै उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जमा रिट निवेदन दिएका थिए । उनको रिट अस्वीकार भएसँगै डोजर लगाएर अतिक्रमित संरचना हटाएको महानगरका कर्मचारीहरु बताउँछन् ।

फागुन ४ गते अदालतले पूजारीकै पक्षमा अन्तरिम आदेश जारी गरेको थियो । तर महानगर पालिकाले उक्त आदेश खारेजीको माग गर्दै अदालतमा निवेदन दिएको थियो । शुक्रबार न्यायाधीशद्वय शारङ्ग सुवेदी र शान्ता सेढाई सापकोटाको संयुक्त इजलासले महानगरकै पक्षमा आदेश दिएको थियो । तीन दशक भन्दा बढी समयदेखि मन्दिर प्रवेशमा समेत रोक लगाएर जग्गा अतिक्रमण गरि निर्माण गरिएको पक्की संरचनाबाट पूजारीले भाडा समेत असुली गर्दै आएका थिए ।

मठमन्दिर तथा सार्वजनिक, ऐलानी जग्गा खोजी अभियान अन्तर्गत मन्दिरको जमिन अतिक्रमण गरेर बनाइएको संरचना भत्काइएको मेयर राजेशमान सिंहले बताए । अतिक्रमण हटाउन मेयर सिंह स्वयं घडिअर्वा पुगेका थिए । १९८२ सालदेखि रामजानकी मन्दिरको नाममा रहेको जग्गामा पूजारी तिवारीले तीनतिरै पक्की संरचना बनाएर भाडामा लगाएका थिए । मन्दिर परिसरमा बनेका सबै संरचना हटाएर मन्दिरलाई पुरानै अवस्थामा फर्काएर दैनिक पूजापाठ हुने गरि संचालनमा ल्याउने मेयर सिंहले बताए ।

*(स्रोतः अनलाइनखबर)*

# एमालेको फर्कने...

पुराना सहयोगीहरू ओलीको प्रतिरक्षा गर्ने क्रममा र नयाँहरू वफादारी प्रमाणित गर्ने सुरमा बेसुर हुँदा एमालेभित्रको बृहद् पंक्ति विगत दुई-तीन वर्षमा यति पूर्वाग्रही भएको छ कि कसैले हित नै हुने सल्लाह दिए पनि उनीहरू सुन्न तयार छैनन् । तर आज नसुने पनि भोलि एमाले पंक्तिले सुन्नैपर्ने सल्लाह के हो भने, संसद् विघटन गर्नु असंवैधानिक काम थियो, त्यो एक राजनीतिक गल्ती थियो भनेर ढिलोचाँडो एमालेले संस्थागत रूपमा भन्नैपर्ने हुन्छ । संसदीय व्यवस्थामा प्रधानमन्त्रीले ताजा जनादेश लिन पाउँछन् भनेर अरू देशको उदाहरण दिनु नेपाली समाजको विवेकलाई हेप्नु नै हो । किनकि त्यसो गर्न नपाइने प्रावधान कति धेरै विमर्शपछि एमाले स्वयम्को अगुवाइमा नेपालको संविधानमा राखिएको थियो भन्ने विषय सार्वजनिक स्मृतिमा ताजै छ ।

इतिहासतर्फ फर्केर, आफ्नो संविधानमाथिको धारणा संस्थागत रूपमा नसच्च्याई एमालेले पूर्ववत् विश्वसनीयता फिर्ता पाउन निकै लामो समय पर्खनुपर्नेछ ।

ओली नेपाली राजनीतिक इतिहासका एक रोचक पात्र हुन् । तर उनको पात्रतामा 'म' बाहेक केही छैन । त्यो 'म' भित्र परम्परागत वामपन्थ पनि पर्छ, कताकता उनको दक्षिणपन्थी झुकाव पनि पर्छ, सनातन परम्पराप्रतिको अचेतन आकर्षण पनि पर्छ र भौतिकवादी चिन्तन पनि पर्छ । त्यहाँ कुनै एक राजनीतिक चरित्र छैन, ती विविध छन् र परस्परमा विरोधाभासपूर्ण पनि । र मूल समस्या के हो भने दलका रूपमा सम्पूर्ण एमाले संगठन नै अहिले के हो, के हो भन्ने भएको छ । किनकि उनका विरोधाभासपूर्ण झुकावहरूलाई प्रश्न गर्ने नैतिक साहस पार्टीमा अहिले कसैले देखाएको छैन । जसले देखाएका थिए ती सबै बाहिरिएका छन् । अघि नै भनियो, सदाबहार ओलीकै पक्षका भए पनि बौद्धिक क्षमता राम्रै भएका जति नेता त्यहाँ बाँकी छन्, पहिले माधव पक्ष र पछि नेकपाकालमा प्रचण्ड-माधव पक्षसँग ओलीको प्रतिरक्षा गर्दा-गर्दा यस्तो पूर्वाग्रही मनोदशामा पुगेका छन् कि उनीहरू ओली बाहिर पनि संसार छ भनेर स्वतन्त्र रूपमा सोच्नै नसक्ने भएका छन् ।

पञ्चायती निरंकुशताको अप्ठ्यारो परिवेशमा राजनीति गर्दा संगठनभित्रका कतिपय अग्रज नेता आफ्ना अभिभावक वा साथीजस्ता भएका हुन सक्छन् । पार्टीभित्रको शक्ति अभ्यास र वैचारिक घर्षणमा आफू एक वा अर्को नेताको गुटमा परिएको हुन सक्छ । आफ्नो पक्षको नेतालाई अर्को पक्ष वा नागरिक समाजले प्रश्न गर्दा त्यसको बचाउ गर्न उभिइएको पनि हुन सक्छ । तर आफू राजनीतिमा लागेको त जीवनभर एउटा नेतालाई बचाउनका लागि नभई समाजका लागि हो भन्ने आधारभूत गन्तव्य नै धेरैले हिँड्दाहिँड्दै भुल्दा रहेछन् । काम गर्ने क्रममा सम्बन्धित नेतासँग सामीप्य हुन जानु कुनै व्यक्तिगत कुरा नभई आफ्नो राजनीतिक आन्दोलनको स्वार्थका लागि नै हो । यदि त्यसो हो भने, एमाले पंक्तिमा पार्टी कस्तो स्थितिमा पुगिरहेको छ भनेर देख्न सक्ने बौद्धिक क्षमता भएकाहरूले हस्तक्षेप गर्नैपर्ने समय आएको छ ।

संगठन बलियो नै होला, पार्टीमा आश्रित सदस्य र भोट हालिराख्ने तिनका परिवार अझै पनि धेरै होलान् । पार्टीको आकार केही वर्षसम्म धेरथोर अहिलेजस्तो नै रहला । तर संविधानको पक्षमा आफ्नो सार्वजनिक अडान नसच्याईकन एमालेले विश्वसनीयता फिर्ता पाउन नसक्ने नै देखिन्छ । एमालेको फराकिलो संगठनले ओलीका रुमानी रुझानभन्दा बाहेकको एक सग्लो चरित्र बोक्छ भनेर नदेखाउने हो भने यो पार्टी वामपन्थी हो कि दक्षिणपन्थी, केही वर्षमा छुट्याउनै नसकिने हुन सक्छ । नेतृत्व फरक हुँदा र संगठनभित्र विवेक पुऱ्याएर बोल्न सक्ने क्षमता भएकाहरू पाखा लाग्दा पार्टीले आफ्नो डीएनए नै परिवर्तन गर्न सक्छ भन्ने थाहा पाउन डोनाल्ड ट्रम्पले नेतृत्व गरेको बेलाको अमेरिकाको रिपब्लिकन पार्टी हेरे हुन्छ । नरेन्द्र मोदी आएपछिको भारतीय जनता पार्टी नै हेरे पनि हुन्छ । हैन भने, एमालेभित्र आफ्नो दृष्टिकोण आफैं सोच्न सक्ने अझै कोही बाँकी छन् भने उनीहरूले सोच्न थाले हुन्छ- संविधानको आधारभूत प्रावधान नै नमानीकन कहिलेसम्म जाने हो ? त्यसरी जाने कहाँसम्म हो ?

*(साभारः ई-कान्तिपुर)*

# घरजग्गा कारोबारको मन्दी हटाउन व्यवसायीका दर्जन माग

काठमाडौं/घरजग्गा कारोबारमा मन्दी लम्बिएपछि घर जग्गा व्यवसायीले सरकारसँग विभिन्न माग अघि सारेका छन् । महिनामा लाखभन्दा बढी हुने लिखत पास अहिले ४० हजारमा झरेको छ । स्थानीय तहरुले जग्गाको वर्गीकरण गरेर कृषि र गैरकृषिजन्य क्षेत्र छुट्याएपछि कित्ताकाट खोल्नु पर्ने व्यवस्था पछि घरजग्गा व्यवसाय सुस्ताउन थालेको थियो ।

नेपाल जग्गा तथा आवास विकास संघले शुक्रबार एक पत्रकार सम्मेलन आयोजना गर्दै विभिन्न नीतिगत व्यवस्थाहरु आवश्यक परेको बताएको छ । संघका अध्यक्ष भेषराज लोहनी घरजग्गा व्यवसायी सरकारी नीति र अर्थतन्त्रमा आएको समस्याले सबैभन्दा बढी पीडित बन्नु परेको बताउँछन् ।

करिब १६० हाराहारी स्थानीय तहहरुले मात्रै जग्गाको वर्गीकरण गरेको संघको दाबी छ । ६०० भन्दा बढी स्थानीय तहले जग्गा वर्गीकरण नगर्दा त्यसको असर व्यवसायमा परेको व्यवसायी बताउँछन् ।

हतारमा ल्याइएको जग्गा वर्गीकरणको नियमले घरजग्गा क्षेत्रमा ठूलो प्रभाव परेको भन्दै अध्यक्ष लोहनीले यस विषयमा सहजीकरण नगरिए व्यवसायीहरु अझै मारमा पर्ने बताए । संघले एकल अंकको ब्याजदर कायम गर्न माग गरेको छ र ब्याज पूँजीकरण गर्ने व्यवस्था पनि आवश्यक रहेको औंल्याएको छ ।

जग्गाको मूल्यांकन र कर्जा धितोको अनुपात बढाउनुपर्ने पनि आवाज उठेको छ । नेपाल राष्ट्र बैंकले काठमाडौं उपत्यकामा जग्गाको मूल्यांकनको ३० प्रतिशत र बाहिर ४० प्रतिशत मूल्य र कर्जा धितोको अनुपात कायम गरेको छ । यसलाई बढाएर ६० देखि ७० प्रतिशत पुऱ्याउनुपर्ने निजी क्षेत्रको माग छ ।

भू-उपयोग कानुनको प्रभावकारी कार्यान्वयन गरेर कित्ताकाट गर्न पाउनुपर्ने पनि संघको माग छ । सरकारबाट लाइसेन्स प्राप्त ब्रोकरहरुबाट मात्रै घरजग्गा किनबेच गर्ने कानुनी व्यवस्था गनुपर्ने पनि व्यवसायी बताउँछन् ।

*(अनलाइनखबरबाट)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

## २०७९ :

# कमाईमा 'कबड्डी ४' र समीक्षामा 'ऐना झ्यालको पुतली' अब्बल






काठमाडौं/२०७९ साल नेपाली फिल्म क्षेत्रका लागि केही हिसाबमा सम्झनलायक र केही हिसाबमा विर्सनलायक बनेर विदा हुँदैछ । एकपछि अर्को नेपाली फिल्मले हलमा बेहोर्नुपरेको सौतेनी व्यवहार, स्टार कलाकारको फिल्मको खराब प्रदर्शन, कलाकारहरुको श्रृंखलाबद्ध विवादले २०७९ विर्सनलायक वर्ष बन्दा केही अनपेक्षित फिल्मको व्यावसायिक सफलताले उतिक्कै सम्झनलायक वर्ष पनि बन्यो ।

फिल्म 'ए मेरो हजुर ४'ले यस वर्षका लागि प्रदर्शनको पहिलो खाता खोलेको थियो । र, यो वर्षको विदाई फिल्म 'बहाव'ले गरेको छ । यो बीचमा कूल ४६ वटा फिल्म प्रदर्शनमा आए । कोरोना महामारी भन्दा अगाडिको रिलिज क्यालेन्डर हेर्ने हो भने यो संख्या न्यून हो । २०७५ सालमा करिब सयवटा र २०७६ सालमा ५५ वटा फिल्म प्रदर्शन भएका थिए । यस वर्ष फिल्म रिलिजमा ह्रास आयो ।

तर, यस वर्ष व्यापार केही सुधारन्मुख देखियो । वर्षको पहिलो रिलिज फिल्म 'ए मेरो हजुर ४'ले साउथ फिल्म 'केजीएफ २'सँगको भिडन्तका बावजूद पनि आफ्नो लगानी सुरक्षित गऱ्यो । यसलाई यो वर्षको हिट सूचीमा राख्न सकिन्छ । जेठमा आएको 'कबड्डी ४'ले त नेपाली फिल्मको इतिहासमा नै सर्वाधिक कमाईको रेकर्ड बनायो । यो फिल्म यस वर्षको सबैभन्दा ठूलो ब्लकबस्टर हो ।

जेठपछि ३ महिना हिट फिल्मको खडेरी नै लाग्यो । आशातित फिल्मले समेत गतिलो व्यापार गर्न सकेनन् । भदौ १७ गते प्रदर्शन भएको 'झिँगेदाउ'ले भने सरप्राइज व्यापार गऱ्यो । फिल्मले लगानी सुरक्षित गरेर निर्मातालाई राम्रो मुनाफा समेत दिएको थियो । र, यो यस वर्षको हिट फिल्ममा दरिएको छ । 'झिँगेदाउ'ले फिल्म चल्नका लागि सिरिज वा सिक्वेल चाहन्न भन्ने प्रमाणित गरेको छ ।

भदौदेखि कात्तिकसम्मको अवधि फिल्म क्षेत्रका लागि उर्बर मान्न सकिन्छ । यो अवधिमा तीन फिल्म हिट र दुई फिल्म सुपरहिट बने । असोज ७ गते प्रदर्शन भएको 'प्रेमगीत ३'ले १० करोड ग्रसको कमाई गर्दै सुपरहिट सूचीमा नाम लेखायो । यो फिल्मले भारतमा नेपाली फिल्मका लागि धेरै हदसम्म बाटो खोल्ने काम समेत गऱ्यो । यद्यपि, भारतीय बक्सअफिसमा फिल्म पूर्णतः असफल रह्यो ।

असोज २१ मा रिलिज भएको 'दुई नम्बरी' र कात्तिक ४ मा आएको 'के घर के डेरा'ले लगानी सुरक्षित गर्दै हिट सूचीमा नाम लेखाए । कात्तिक ११ गते प्रदर्शनमा आएको 'महापुरुष'ले १० करोड आसपास कमाई गर्दै वर्षको सुपरहिट फिल्मको सूचीमा स्थान बनायो । कात्तिकदेखि फागुन पहिलो सातासम्म भने नेपाली फिल्मको अवस्था नाजुक रह्यो । आशा गरिएका फिल्म दर्शकले पत्याएनन् ।

फागुन ५ गते प्रदर्शित 'कबड्डी' निर्देशक रामबाबु गुरुङ निर्देशित फिल्म 'फूलबारी'लाई यो वर्षको हिट मान्न सकिन्छ । यो फिल्मले जेनतेन लगानी उठायो । फागुन १९ गते प्रदर्शनमा आएको 'छक्का पञ्जा ४' भने अहिलेसम्मको अवस्थामा 'कबड्डी ४'पछि सर्वाधिक कमाई गर्ने फिल्म बनेको छ । अर्थात्, यस वर्षको दोस्रो ब्लकबस्टर । अब 'कबड्डी ४'को २२ करोडको रेकर्ड भत्काउने रेसमा छ ।

यसरी हेर्दा यो वर्ष दुई ब्लकबस्टर, दुई सुपरहिट र पाँच फिल्म हिट भएका छन् । यसलाई २०७९ सालको सुखद उपलब्धि नै मान्न सकिन्छ । तर, यस वर्ष लगानी उठाउनेभन्दा पोस्टर छपाईको पैसा समेत नउठाउने फिल्मको संख्या उच्च रहेकाले खुसी भैहाल्ने अवस्था पनि छैन । यस वर्ष केही फिल्म समीक्षात्मक रुपमा पनि अब्बल ठहरिए, जसले लगानी सुरक्षित गर्न भने सफल भएनन् ।

यो वर्ष समीक्षात्मक रुपमा सबैभन्दा अब्बल फिल्म 'ऐना झ्यालको पुतली' ठहरियो । सम्भवतः आगामी वर्ष यो फिल्मले सर्वाधिक अवार्ड जित्न सक्नेछ । अभिनेता प्रदीप खड्का स्टारर फिल्म फिल्म 'प्रकाश'ले पनि राम्रो समीक्षा प्राप्त गरेको थियो । यसका साथै 'चिसो मान्छे', 'सेक्रेट्स अफ राधा राधा', 'पानीफोटो', 'दोख', 'प्रेमगन्ज'ले पनि दर्शक तथा समीक्षकबाट राम्रो प्रशंसा पाएका थिए ।

यो वर्ष अनमोल केसीको 'छड्के २', पुष्प खड्काको 'कृष्ण लीला', आर्यन सिग्देलको 'डिसेम्बर फल्स', साम्राज्ञी राज्यलक्ष्मी शाहको 'तिम्रो मेरो साथ' र 'ह्यारी कि प्यारी', पूजा शर्माको 'सम्झना विर्सना' र 'सम्हालिन्छ कहिले मन', धिरज मगरको 'बाबरी' जस्ता फिल्मको अफलताले फिल्म क्षेत्रलाई नै स्तब्ध बनायो । यसलाई नेपाली फिल्ममा स्टारडम चलन छाडेको रुपमा अर्थ्याइएको छ ।

# जूनियर एनटीआरलाई विरासतमा मिलेको अभिनय

एजेन्सी, मुम्बई/साउथ सुपरस्टार जूनियर एनटीआरको लोकप्रियता चुलिँदो छ । २०२२ मा प्रदर्शनमा आएको फिल्म 'आरआरआर'को सफलताले उनलाई विश्वमा नै लोभलाग्दो ख्याती दिलाएको छ । फिल्म 'वार २'बाट बलिउड डेब्यूको तयारी गरिरहेका एनटीआर अभिनयसँगै एक्सन र नृत्यमा अब्बल मानिन्छन् । 'अरविंद समेथा', 'टेम्पर', 'जनता ग्यारेज', 'आधी' जस्ता फिल्म उनको सर्वाधिक सफल छन् ।

उनलाई अभिनय विरासतमा मिलेको हो । उनका हजुर बुबादेखि पितासम्म सफल कलाकार थिए । उनका हजुरबुबा एनटी रामाराव ७० को दशकका चर्चित अभिनेता थिए । उनको अभिनयसँगै राजनीतिमा पनि सक्रियता थियो । उनी आन् प्रदेशको मुख्यमन्त्री समेत भएका थिए । तीन सय ज्यादा तेलुगू फिल्ममा काम गरेका उनले फिल्म 'मन देशम'बाट अभिनय करिअर सुरु गरेका थिए ।

एनटीआरका पिता नन्दमुरी हरिकृष्णा पनि तेलुगू फिल्मका नामी अभिनेता थिए । उनी राजनीतिमा पनि उतिक्कै सक्रिय थिए । सन् १९६४ मा फिल्म 'श्री कृष्णवतारम'मा बाल कलाकारको रुपमा उनको अभिनय करिअर सुरु भएको थियो । अभिनेताको रुपमा भने उनको पहिलो फिल्म 'टल्ला पेल्लामा' थियो । एनटीआरका पिता २००८ देखि २०१३ सम्म राज्यसभाको सांसद समेत रहेका थिए ।

एनटीआरका भाई नन्दमुरी कल्याण राम पनि अभिनयमा सक्रिय छन् । उनी एक्सन फिल्ममा रुचाइएका अभिनेतामा पर्छन् । तर, एनटीआर जति सफल छैनन् । त्यस्तै, एनटीआरका काका नन्दमुरी बालकृष्ण (उनी बालकृष्ण या बलैया उपनामले चिनिन्छन्) पनि तेलुगूका चलेका अभिनेता हुन् । ४० वर्षदेखि अभिनयमा सक्रिय रहेका उनले सयभन्दा बढी फिल्ममा अभिनय गरिसकेका छन् ।

*(फिल्मीखबरबाट)*

साझाकुरा


"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्गको चित्लाङ-चन्द्रागिरी-थानकोट सडकमा निर्माण काम गरिँदै । जिल्लाको उत्तरी क्षेत्र थाहा नगरपालिका र इन्द्रसरोबर गाउँपालिकाको 'समृद्धि ढोका' भनेर चिनिएको चित्लाङ-चन्द्रागिरी-थानकोट सडक निर्माण अन्तिम चरणमा रहेको छ । निर्माणाधीन सडकको प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौला र संविधानसभा सदस्य सुभाषचन्द्र ठकुरीले निरीक्षण गरेका थिए । बर्तौलाले सडक तोकिएको समयभित्रै निर्माण गरिसक्नु निर्माण व्यवसायीलाई निर्देशन दिएका छन् । चित्लाङ-चन्द्रागिरी-थानकोट सडक विगत १८ महिनादेखि निरन्तर निर्माण भइरहेको संविधानसभा सदस्य ठकुरीले बताए । हाल सडक खण्डका केही साँघुरा मोडहरु सुधार गर्ने काम भइरहेको उनको भनाई छ । पानीघाटदेखि साविक अँध्यारी खोल्सासम्मको विभिन्न स्थानमा मोड सुधारको लागि गरिएको डिजाइनअनुसार काम भए नभएको बारे निरीक्षण गरिएको बर्तौलाले बताए । निर्माणाधीन मोडहरु २२ देखि २५ मिटर रेडियसको बन्ने जनाइएको छ । *तस्बिर: साझाकुरा ।*

# प्रतिबन्धित माछा नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/सशस्त्र प्रहरी बल १४ नम्बर गण हेटौंडाले मानव स्वास्थ्य र वातावरणलाई प्रतिकुल असर पुग्ने मागुर माछा 'क्याट फिस' शनिवार नष्ट गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-८, स्थित सशस्त्र प्रहरी बल १४ नम्बर गणबाट खटिएको सुरक्षा टोलीले बिहीबार राति १२ बजे हेटौंडा-१५ चुरियामाईस्थित पूर्वपश्चिम राजमार्गबाट उक्त प्रतिवन्धित मागुर माछा 'क्याट फिस' नियन्त्रणमा लिएको थियो ।

सर्लाहीबाट हेटौंडातर्फ आउँदै गरेको बा ७ ख ६४१ नम्बरको यात्रुवाहक बस रोकी जाँच गर्ने क्रममा बसको डिक्कीमा ८ वटा सिलावरको भाडामा लुकाएर ल्याएको अवस्थामा ४८ केजी जिउँदो मागुर माछाको भुरा नियन्त्रणमा लिएको सशस्त्र प्रहरीका डिएसपी शैलेश श्रेष्ठले जानकारी दिए ।

करिब १४ हजार ४ सय बजारमूल्य रहेको उक्त माछाका भुरा प्रहरीले जनप्रतिनिधि, भेटनरी अस्पताल तथा पशुविज्ञ केन्द्रका प्रतिनिधि, पत्रकार र स्थानीयको रोहबरमा हेटौंडा कपडा उद्योगको परिसरमा खाडल खनेर नष्ट गरेको छ ।

# हेटौंडामा २७ चैतदेखि उपमेयर कप भलिबल

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ यही चैत २७ गतेबाट हेटौंडामा पाँचौ संस्करणको उपमेयर कप महिला तथा पुरुष भलिबल प्रतियोगिता हुने भएको छ । शनिवार पत्रकार सम्मेलनको आयोजना गर्दै प्रतियोगिताको बारेमा जानकारी गराइएको हो ।

प्रतियोगिता केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठान, मकवानपुर जिल्ला भलिबल संघ र हेटौंडा उपमहानगरपालिका भलिबल संघको आयोजनामा हुन लागेको हो । प्रतियोगिता हेटौंडा १२ पान्तलेस्थित बुद्ध माविको खेल मैदानमा हुने हेटौंडा नगर भलिबल संघका सचिव एवं प्रतियोगिता संयोजक त्रिबिक्रम रुपाखेतीले जानकारी दिए ।

प्रतियोगितामा उपमहानगरपालिकाभित्रका वडाबाट महिला र पुरुषको एक/एक टिमले सहभागिता जनाउने संयोजक रुपाखेतीले बताए । उनका अनुसार प्रतियोगिताको विजेता र उपविजेता टिमले क्रमश: नगद ५० हजार र ३० हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । यस्तै सेमिफाइनल पुग्ने टोलीले पनि १०/१० हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद २ हजार ५ सय सहित ट्रफी प्राप्त गर्दा विधागत उत्कृष्ट खेलाडीले नगद एकहजार ५ सय रुपैयाँ प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ ।



प्रतियोगितामा पुरुषतर्फ १० र महिलातर्फ ९ वटा वडाले सहभागिता जनाउने पक्का भएको संयोजक रुपाखेतीले जानकारी दिए । सम्बन्धित वडाको बासिन्दाले मात्रै प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् । प्रतियोगिताको लागि करिब ८ लाख ४६ हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । प्रतियोगिताको अघिल्लो संस्करणमा महिला तथा पुरुष दुवैतर्फको उपाधि हेटौंडा १७ नम्बर वडाले जितेको थियो ।

# घरघर पुगेर ६ हजारलाई सेवा

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ जिल्लाको विकट राक्सिराङ गाउँपालिकाले झण्डै एक महिनो एकीकृत घुम्ती शिविर सञ्चालन गरी ६ हजार जनालाई सेवा दिएको छ ।

एकीकृत घुम्ती शिविर २९ फागुनबाट २२ चैतसम्म सञ्चालन भएको थियो । शिविरबाट करिब ६ हजार स्थानीयले विभिन्न सेवा प्राप्त गरेको गाउँपालिका अध्यक्ष राजकुमार मल्ले जानकारी दिए । गाउँपालिकाले वडा कार्यालयको सेवा लिनसमेत तीन घन्टासम्मको पैदलयात्रा गर्नुपर्ने बाध्यतामा रहेका स्थानीयलाई घरघरमै पुगेर स्थानीय तहले प्रदान गर्ने सेवा प्रदान गरेको थियो । आमनागरिकलाई स्थानीय सरकारले सबै किसिमका सेवाको पहुँच वृद्धि गर्दै सरल र सहज सेवा दिने उद्देश्यले गाउँपालिकाले घरघरमै पुगी घुम्ती शिविरको आयोजना गरेको हो ।

पालिकाले घरघरमै पुगी बिरामी जाँचदेखि योजना अनुगमन र स्थलगत रुपमै भुक्तानीसम्मका सेवा



प्रदान गरेको गाउँपालिकाका अध्यक्ष मल्लले बताए । 'सेवा लिने सबैको अधिकार, घरघरमा स्थानीय सरकार' भन्ने नाराका साथ अभियान सञ्चालन गरेको मल्ल बताउँछन् । पालिकाको चार स्थानमा भएको छुट्टाछुट्टै शिविरमा करिब दुई हजार जनाले स्वास्थ्य जाँच सेवाका साथ नि:शुल्क औषधि प्राप्त गरेका थिए । स्वास्थ्य सेवाअन्तर्गत गर्भवती जाँच, भिडियो एक्सरे, क्षयरोगको खकार जाँच, परिवार नियोजनको अस्थायी साधन आयुसिडी र इम्प्लान्ट लगाइएको थियो ।

आयुर्वेद सेवातर्फ करिब सात सय ५० जनाको जाँच तथा औषधि वितरण गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका अध्यक्ष मल्ल, उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला, वडाध्यक्षसहित कर्मचारीको टोलीले नै गाउँमा सेवा दिन पुगेको थियो । ज्येष्ठ नागरिक, अशक्त तथा हिँड्न नसक्ने बिरामीको घरघरमै पुगी स्वास्थ्य जाँच र नि:शुल्क औषधिको समेत व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष मल्लले बताए ।

# सिद्धार्थ माविको ४८औं अभिभावक भेला



साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ हेटौंडा २ मा रहेको सिद्धार्थ माध्यमिक विद्यालयले शनिबार अभिभावक भेला सम्पन्न गरेको छ । हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा भेला सम्पन्न भएको हो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि बानियाँले शिक्षा मुलुकको प्रगति र उन्नतिको पाइला भएको भन्दै शिक्षा देश विकासका लागि महत्वपूर्ण रहेकोले शिक्षालाई सबैले सम्मान गर्नुपर्ने बताए ।

उनले विद्यार्थी, शिक्षक र अभिभावकबीचको त्रिकोणात्मक सम्बन्ध सुमधुर हुनुपर्ने बताउदै परि स्थिति गम्भीर ढंगले अघि बढेको भन्दै अभिभावकहरु सचेत रहनुपर्ने बताए । भेलामा बानियाँले शैक्षिक अवस्था माथी उठाउन सबै पक्षको योगदान रहेको भन्दै राज्यमा रहेको तीनवटै सरकारले शिक्षा क्षेत्रको विकासका लागि सकरात्मक कदम चाल्नु पर्ने समेत बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-२ का वडा सदस्य सुरज बर्तौला, हेटौंडा उपमहानगर शिक्षा विकास महाशाखाका शिक्षा अधिकृत रमेश विडारी, शिक्षक अभिभावक संघका अध्यक्ष भीमकुमार श्रेष्ठ, विद्यालयका पूर्वप्रधानाध्यापक लक्ष्मीभक्त घिसिङ, विद्यालय व्यवस्थापन समितिका सदस्य रामचन्द्र बर्तौला, ज्ञानु महरा, लक्ष्मी श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष रामचन्द्र ढकाल, अभिभावकद्वय सुवास न्यौपाने, तारा राईलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा विद्यालयका पूर्वशिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, पूर्वशिक्षक, विद्यार्थीका अभिभावकहरुको सहभागिता रहेको थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद शर्माले विद्यालयको २०७८/७९ को शैक्षिक प्रगति विवरण प्रस्तुत गरेका थिए । विद्यालयका सहायक प्रधानाध्यापक रामशरण अधिकारीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा अंग्रेजी माध्यम संयोजक गणेशप्रसाद हुमागाईले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

# पुडासैनी समाज मकवानपुरको अध्यक्षमा बालकृष्ण

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/पुडासैनी मैत्री समाज मकवानपुरको अध्यक्षमा पुन: बालकृष्ण पुडासैनी चयन भएका छन् । समाजको शनिवार हेटौंडामा भएको चौथो अधिवेशनबाट अध्यक्ष बालकृष्णको नेतृत्वमा २३ सदस्यीय कार्यसमिति सर्वसम्मत रुपमा चयन भएको हो ।

समाजको वरिष्ठ उपाध्यक्षमा दीपक पुडासैनी, उपाध्यक्षमा यतिन्द्र पुडासैनी, महासचिवमा प्रल्हाद पुडासैनी, सचिवमा बलराम पुडासैनी, सहसचिवमा कृष्णकला पुडासैनी र कोषाध्यक्षमा रमेश पुडासैनी चयन भएका छन् । त्यस्तै सदस्यहरुमा क्रमश गोकर्ण पुडासैनी, सुजन पुडासैनी, विनोद पुडासैनी, जयराम पुडासैनी, नवीन पुडासैनी, रमेश पुडासैनी, राजकुमार पुडासैनी, छलप्रसाद पुडासैनी, चुँडामणि पुडासैनी, केशव पुडासैनी, राजु पुडासैनी, हरिशरण पुडासैनी, केदार



प्रसाद पुडासैनी, गंगादत्त पुडासैनी, सुनिता पुडासैनी र गोमा पुडासैनी चुनिएका हुन् ।

नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई समाजका केन्द्रीय सल्लाहकार तथा निर्वाचन समितिका संयोजक गोविन्द पुडासैनीले पद तथा गोपनीयताको सपथ गराएका थिए । अधिवेशनमा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी र भीमफेदी गाउँपालिका वडा नम्वर ९ का वडा अध्यक्ष प्रकाश पुडासैनीको आतिथ्यता थियो । कार्यक्रममा समाजका क्रमश: केन्द्रीय अध्यक्ष दीपक पुडासैनी, उपाध्यक्ष विनोद पुडासैनी, सदस्यहरु अर्जुन पुडासैनी, केशव पुडासैनी, रामचन्द्र पुडासैनी, मोहन पुडासैनी र प्रेम पुडासैनीको उपस्थिति थियो ।

# विष्टले खानेपानी बोर्ड अध्यक्षको कार्यभार सम्हाले

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/थाहा नगर खानेपानी व्यवस्थापन बोर्डको नेतृत्व नगरप्रमुख विष्णुबहादुर विष्टले सम्हालेका छन् ।

थाहा नगर खानेपानी व्यवस्थापन बोर्डको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ९ बमोजिमको कार्यकारी समितिको अध्यक्ष पदको कार्यभार विष्टले सम्हालेका हुन् । ऐनको दफा ९ को (ख) र (ग) मा व्यवस्था भए बमोजिम क्रमश: पालिकाको वडाअध्यक्ष मध्येबाट नारायण लामा र कार्यपालिकाले आफूमध्येको महिला सदस्य मध्येबाट अनिता बललाई सदस्य पदका लागि थाहा नगर कार्यपालिकाको बैठकले निर्णय गरेको प्रवक्ता हेरमान गोपालीले जानकारी दिए । यसअघि तत्कालीन नगरप्रमुख लवशेर विष्टले खानेपानी व्यवस्थापन बोर्डको नेतृत्व गरेका थिए ।

१७ चैतमा सम्पन्न कार्यपालिका बैठकले निवर्तमान



अध्यक्ष विष्टसहित बोर्डमा आवद्ध पदाअधिकारीलाई उच्च प्रशंसासहित धन्यावद ज्ञापन गरेको छ । ऐन बमोजिम सदस्यहरुमा भौगोलिक क्षेत्रको नगरपालिकाको प्रमुख प्रशासकीय अधिकतृ एक, भौगोलिक क्षेत्रका स्थानीय खानेपानी उपभाक्तो समितिमध्यबोट समितिले मनोनयन गरेको, एक महिला, भौगोलिक क्षेत्रका खानेपानी वा सरसफाई क्षेत्रमा कायर्रत स्थानीय गैरसरकारी संस्था मध्येबाट समितिले मनोनयन गरेको एक महिला, खानेपानी तथा सरसफाई सवो क्षेत्रका विज्ञमध्येबाट समितिले मनोनयन गरको एकजना हुनेछन् ।

# साहित्य चौतारी र शर्मालाई रुद्रप्रसाद रिजाल स्मृति सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ आध्यात्मिक अभियन्ता राधिका शर्मा (राधिका दासी) र बाल साहित्यकारहरुको संस्था नवसर्जक साहित्य चौतारी नेपाललाई रुद्रप्रसाद रिजाल तथा विष्णुकुमारी रिजाल स्मृति सम्मान प्रदान गरिएको छ ।

रुद्रप्रसाद रिजाल तथा विष्णुकुमारी रिजाल स्मृति सम्मान रुद्रप्रसाद रिजाल स्मृति कोषले स्थापना गरेको हो । शनिवार हेटौंडामा एक कार्यक्रमको अबसरमा उनीहरुलाई जनही नगद ५० हजार रुपैयाँ राशिले सम्मान गरिएको हो ।

नवसर्जक साहित्य चौतारी नेपालका अध्यक्ष प्रशन्ना चौलागाईले उक्त सम्मान लिएकी थिइन् । कोषका अध्यक्ष आरसी रिजालको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकार तथा समालोचक डाक्टर निर्मोही व्यासको प्रमुख आतिथ्यता रहेको थियो ।

रुद्रप्रसाद रिजाल तथा श्रीमती विष्णुकुमारी रिजाल स्मृति पुरस्कार कोषको स्थापना विस २०५३ सालमा भएको थियो । कोषले व्यक्तित्व सम्मान तथा आर्थिक सहयोग गर्दै आइरहेको छ । कार्यक्रममा नवसर्जक साहित्य चौतारी नेपालका परिकल्पनाकार दीपक गौतमले नवसर्जक साहित्य चौतारी नेपाल पहिलोपटक सम्मानित भएको बताए ।

साहित्यतर्फ झुकाव राख्ने २५ वर्षमुनिका व्यक्तिलाई नेतृत्व प्रदान गर्नका निम्ति नवसर्जक साहित्य चौतारी नेपालको नयाँ विधान बनाउने क्रममा रहेको उनले बताए । नवसर्जक चौतारी नेपालको सातै प्रदेश समिति, काठमाडौं उपत्यका समिति तथा विदेश विभाग गरी ९ वटा शाखाहरु रहेका छन् ।

# गौरीटारमा विषादिरहित तरकारीसम्बन्धी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ हेटौंडा-६ तल्लो गौरीटारमा रहेको नमूना आइपिएम कृषक पाठशालामा भएको १६ हप्ते विषादिरहित तरकारी खेतीसम्बन्धी तालिमको समापन गरिएको छ ।

हेटौंडा उपमहानगरपालिकाको आयोजनामा भएको तालिमको शनिबार समापन गरिएको हो । कार्यक्रममा पाठशालाकी कोषाध्यक्ष मञ्जु चौलागाईंले पाठशाला अवधिभरको गतिविधि समेटेर प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा उत्कृष्ट तीन समूहलाई पुरस्कृत समेत गरिएको थियो ।

हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवं पाठशालाकी अध्यक्ष शोभा खतिवडाको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-७ का वडाअध्यक्ष दामोदर गौतम, उपमहानगरपालिकाका शिक्षा एवं आर्थिक महाशाखा प्रमुख गंगाधर रिमाल, टोल विकास संस्था हेटौंडा ६ नम्बर वडा समन्वय समितिका अध्यक्ष बासुदेव खतिवडा, आइपिएम सहजकर्ता घमराज तिमल्सिना, सहभागीको तर्फबाट नम्रता दाहाल, रुद्रप्रसाद खतिवडा, पाठशालाकी सचिव शर्मिला दंगाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा हेटौंडा-६ का वडासदस्य विजय पौडेल र लेखराज ढकाल, उपमहानगरपालिकाकी कृषि शाखा प्रमुख गंगा चौलागाईं, सहकारीका प्रतिनिधि, सामाजिक, धार्मिक एवं शैक्षिक संस्थाका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।

तालिममा २५ जना कृषकको सहभागिता रहेको थियो । उपमहानगरपालिकाले हेटौंडाको पदमपोखरी र शिखरपानीमा पनि आइपिएम पाठशाला संचालन गरिरहेको जनाइएको छ ।

पसल बिक्रीमा


हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८०१३३२१२२

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर

(निर्माण व्यवसायी संघको अगाडि)

सम्पर्क नं.: ९८४५१२६११२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना